STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १०५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ बैशाख १६ गते शुक्रबार ❑ 29 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## समुन्नत पोखरा गठबन्धनको साझा लक्ष्य

पोखरापत्र संवाददाता
पोखरा, १५ बैशाख



स्थानीय निर्वाचनका लागि संयुक्तरूपमा निर्वाचनमा प्रस्तुत भएको पाँच दलीय गठबन्धनले समुन्नत पोखरा निर्माणलाई साझा लक्ष्यका रूपमा अघि सारेको छ।

बिहीबार पोखरामा आयोजितपाँचदलीयगठबन्धनको घोषणापत्र सार्वजनिक कार्यक्रममा गठबन्धनका तर्फबाट महानगर प्रमुख पदका उम्मेदवार एवं नेकपा (एकीकृत समाजवादी पार्टी)का नेता धनराज आचार्यले समुन्नत पोखराका लागि आफूहरूले प्रमुख सात प्रस्थान विन्दु तय गरेको बताउनुभयो।

'समुन्नत पोखराको आधार : सबल अर्थतन्त्र र पूर्वाधार' भन्ने मूल उद्देश्यका साथ शिक्षित, सभ्य तथा मर्यादित महानगरवासी, सुरक्षित र न्यायपूर्ण समाज, स्वास्थ्य र सन्तुलित पर्यावरण, सुशासन र जवाफदेहिता, स्रोतको समुचित व्यवस्थापन, प्रविधिमैत्री सेवा प्रवाह समुन्नत पोखराका प्रमुख प्रस्थान विन्दु रहेको बताउनुभयो । शिक्षा, स्वास्थ्य, उद्यमशीलता, रोजगार तथा मानव संशाधन विकास, पूर्वाधार, पर्यटन, खेलकूद, शहरी स्वच्छता, नगरीय सुशासन, कृषि आफूहरूको प्राथमिकतामा रहेको उहाँले बताउनुभयो।

महानगरपालिकामा गठबन्धनका तर्फबाट उपप्रमुखका उम्मेदवार एवं नेपाली कांग्रेसकी नेत्री कोपिला रानाभाटले गठबन्धन लोकतन्त्र, समृद्धि र विकासका लागि राष्ट्रिय आवश्यकता भएको बताउँदै समुन्नत पोखराको चाहनालाई पूरा गर्न आफूहरू चुनावी प्रतिस्पर्धामा आएको स्पष्ट पार्नुभयो। महानगरवासीको सेवामा आगामी पाँच वर्ष समर्पित गर्ने प्रतिबद्धतासहित निर्वाचनमा होमिएको बताउँदै उहाँले विकाससँगै न्याय, सुशासनलगायतका क्षेत्रमा जनताले अनुभूति गर्नेगरी काम गर्ने विश्वास व्यक्त गर्नुभयो।

## पोखरा पर्यटन परिषद्द्वारा दुई दिन सार्वजनिक विदा दिने निर्णयको स्वागत

पोखरापत्र संवाददाता
पोखरा, १५ बैशाख

पोखराका पर्यटन सम्बद्ध संघ संस्थाहरुको छाता संगठन पोखरा पर्यटन परिषद्ले नेपाल सरकार मन्त्रिपरिषदको निर्णयले जेठ १ गतेबाट लागू हुने गरी हप्तामा दुई दिन शनिबार र आइतबार सार्वजनिक विदा दिने निर्णयको स्वागत गरेको छ।

परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराइद्धारा जारी विज्ञप्तिमा निर्णयको स्वागत गरिएको छ । विज्ञप्तिमा भनिएको छ, "कोभीड १९ का कारण प्रभावित भएको पर्यटन क्षेत्र केही चलायमान हुदै आएको अवस्थामा हालै सरकारले गरेको सार्वजनिक विदाको निर्णयले आन्तरिक पर्यटकको चहल पहल बढ्ने र आर्थिक गतिविधिमा थप सहयोग पुग्ने विश्वास लिएका छौं" विज्ञप्तिमा पर्यटन पुनरुत्थान गर्नका लागि नेपाल सरकारले ल्याएको देश दर्शन कार्यक्रम तथा हप्तामा २ दिन विदाको औपचारिक निर्णयको पर्खाइमा रहेको परिषद्ले यसलाई निकै सकारात्मक र स्वागतयोग्य निर्णयको रुपमा लिएको जनाउँदै प्रभावकारी कार्यान्वयन गर्न आग्रह समेत गरेको छ । सरकारले जेठ १ गतेदेखि लागू हुने गरी विहान ९.३० बजेदेखि साँझ ५ बजेसम्म कार्यलय समय कायम रहने निर्णण गरेको हो । सरकारले विदेशी मुद्रा सञ्चिति घट्दो र शोधानान्तर घाटा बढ्दो स्थितीका कारण अर्थतन्त्रमा जोखिममा बढेपछि हप्तामा दुई दिन सार्वजनिक विदा दिने निर्णय गरेको हो।

## तीन पालिका प्रमुखमा महिलाको उम्मेदवारी

पोखरापत्र संवाददाता
वालिङ, १५ बैशाख

स्याङ्जामा तीन पालिका प्रमुख-अध्यक्षमा महिलाको उम्मेदवारी परेको छ।

आसन्न स्थानीय तहको निर्वाचनमा जिल्लाका ११ पालिकामध्ये पुतलीबजार नगरपालिका, अर्जुनचौपारी र कालीगण्डकी गाउँपालिकाको प्रमुख/अध्यक्षमा महिलाको उम्मेदवारी परेको मुख्य निर्वाचन अधिकृत वसन्तराज पौडेलले जानकारी दिनुभयो । पुतलीबजार नगर प्रमुखमा पुनः सीमाकुमारी क्षेत्री, अर्जुनचौपारी अध्यक्षमा चीनमाया गुरुङ र कालीगण्डकीको अध्यक्षमा माया रानाले उम्मेदवारी दिनुभएको हो। नेकपा (एमाले)बाट पुतलीबजार प्रमुखमा उम्मेदवारी दिनुभएकी क्षेत्री यसअघिको निर्वाचनमा पनि नगरप्रमुख हुनुहुन्थ्यो । अर्जुनचौपारीको अध्यक्षमा उम्मेदवार दिनुभएकी गुरुङ यसअघिको निर्वाचनमा एमालेबाट उपाध्यक्षमा विजयी हुनुभएको थियो।

कालीगण्डकीको अध्यक्षमा उम्मेदवारी दिनुभएकी राना कांग्रेसको महाधिवेशन प्रतिनिधि हुनुहुन्छ। यसअघिको निर्वाचनमा जिल्लाको पुतलीबजार नगरपालिकामा एमालेबाट क्षेत्रीले उम्मेदवारी दिई विजयी हुनुभएको थियो भने यसपटकको निर्वाचनमा अन्य दुई पालिका प्रमुखमा महिला थपिएका छन्। पालिका उपप्रमुख, वडाध्यक्ष, वडा सदस्यमा पनि महिलाको उत्साहजनक उम्मेदवारी परेको मुख्य निर्वाचन कार्यालय स्याङ्जाले जनाएको छ । पाँच नगरपालिका र छ गाउँपालिका रहेको जिल्लामा ९७ वडा छन्।

कूल ५०७ जनाका लागि जिल्लामा तेब्बर बढीको उम्मेदवारी परेको छ । विभिन्न राजनीतिक दलबाट जिल्लामा एक हजार ५४७ जनाको उम्मेदवारी परेको छ। यसमा पालिका प्रमुख-अध्यक्षमा ६७, उपप्रमुख-उपाध्यक्षमा ५०, वडाध्यक्षमा ३५१, खुला सदस्य ५८०, महिला सदस्य २६५ र दलित महिला सदस्य २३४ गरी कूल एक हजार ५४७ जनाको उम्मेदवारी परेको मुख्य निर्वाचन अधिकृत पौडेलले जानकारी दिनुभयो।

## आयोगद्वारा मतदानस्थल तथा केन्द्र रहेका विद्यालय र भौतिक संरचना उपलब्ध गराउन आग्रह

रासस
काठमाडौं, १५ बैशाख

निर्वाचन आयोगले स्थानीय तह सदस्य निर्वाचनका लागि मतदानस्थल तथा केन्द्र तोकिएका सार्वजनिक विद्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी तथा अन्य भवन एवं भौतिक संरचना मतदान प्रयोजनका लागि उपयोग गर्न त्यस्ता भवन र भवन परिसर यही वैशाख २८ गतेदेखि वैशाख ३० सम्म उपलब्ध गराउन नेपाल सरकारमार्फत सबै स्थानीय तहलाई लेखी पठाउने भएको छ।

यही वैशाख ३० गते सम्पन्न हुने स्थानीय तह सदस्य निर्वाचन, २०७९ लाई स्वच्छ, निष्पक्ष, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न आयोगले वैशाख १२ गते सोमबारपछि गरेका मुख्य गतिविधि निर्णयबारे जानकारी दिन आज आयोजित पत्रकार भेटघाट कार्यक्रममाा नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहमा लेखी पठाउने निर्णय भएको अवगत गराइयो।

आयोगले मतदान तथा निर्वाचनसम्बन्धी व्यवस्थापकीय

बाँकी अन्तिम पृष्ठमा ▶▶

## उपाधि जित्ने गरी सबै प्रदेशले तयारी सुरु गर्न मन्त्री गहतराजको सुझाव

पोखरापत्र संवाददाता
पोखरा, १५ बैशाख



नेपाल सरकारका यूवा तथा खेलकुद मन्त्री महेश्वरजङ्ग गहतराज 'अथक' ले गण्डकी प्रदेश सहित सवै प्रदेशले नवौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई केन्द्रित हुने गरी खेलाडी छनौट सहित उपाधि जित्ने गरी तयारी गर्न सुझाव दिएका छन्।

राष्ट्रिय खेलकुद परिषद (राखेप) ले विहिबार पोखरामा आयोजना गरेको अन्तरक्रिया तथा पत्रकार भेटघाट कार्यक्रममा वोल्दै मन्त्री गहतराजले निर्धारित मिति आगामी जेठ २२ देखि २८ गते भित्र उक्त प्रतियोगिता हुने दाबी गर्दै सो प्रतियोगिताको तयारीमा जुट्न प्रदेश सरकारलाई आग्रह गरेका हुन्। मन्त्री गहतराजले आगामी आर्थिक बर्ष पहिलो चौमासिकमा बर्षाद लगतै दशैं तिहार र त्यस पछि संघ र प्रदेशको निर्वाचन हुने भएकोले निर्वाचन बर्ष हुने भएकोले गर्दा नवौं खेलकुद प्रतियोगिता आगामी जेठमै गर्नुपर्ने अबस्था भएको बताए।

३९ बर्ष पछि पोखरामा राष्ट्रिय खेलकुद प्रतियोगिता हुनुले यस क्षेत्रको धेरै कुरामा प्रत्यक्ष रुपमा प्रभाव पार्ने दाबी गर्दै मन्त्री गहतराजले गण्डकी प्रदेशले स्थानिय सहआयोजकको रुपमा थप केही जिम्मेवार सहित घरेलु मैदानको फाइदा लिने गरी धेरै मेडल जित्ने लक्ष्यका साथ खेलकुदमा होमिनु पर्ने जनाए । खेलाडीहरुको छनौट प्रकृया तत्काल सुरु गरी खेलाडीहरुलाई जति सदो छिटो बन्द प्रशिक्षमा राख्नु पर्ने उनको भनाई थियो । खेलाडी छनौट प्रकृया तथा आवश्यक प्रशिक्षकको व्यबस्थापन गर्न परेको खण्डमा मन्त्रालय हरदम तयार रहेको मन्त्री गहतराजले बताउनु भयो । पोखरामा केही बर्ष अघि १३ औं सागका केही खेल भएकोले गर्दा पनि नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता गर्न खासै कठिन नहुने मन्त्री गहतराजको बुझाई छ। ३६ वटा खेलहरु मध्य सुटिङ काठमाण्डौंमा हुने र सुइमिङको बिषयमा पोखरामा निशुल्क रुपमा पौडी पोखरी उपलब्ध भएको खण्डमा पोखरामा गर्ने योजना बनाएको उहाँको भनाई छ। अघिल्ला संस्करणबाट पाठ सिक्दै यसपालीको खेलकुदमा कुनै खेलाडी तथा प्रशिक्षकको खाना बस्नको लागि कुनै कन्जुसाई नगर्ने खेलाडीले आफ्नो खल्तीबाट हालेर खर्च गर्न नपर्ने अबस्था सृजना गर्ने मन्त्री गहतराजको भनाई छ । उक्त प्रतियोगिताले पोखरामा करिब १० हजार भन्दा बढी व्यक्तिहरु पोखरामा आउने हुँदा कोरोनाबाट प्रभावित भएको पोखराको पर्यटन क्षेत्रको समेत प्रबर्द्धन हुने उनले विश्वास व्यक्त गरे । ७ हजार खेलाडीहरु मात्र सहभागि हुने भएको मन्त्री गहतराजले बताए।

७ प्रदेशका ७ टिम, नेपाल प्रहरी, नेपाली सेना र शसस्त्र प्रहरी वल तथा एनआरएनको गरी ११ समुह बिच प्रतिष्प्रर्धा हुने हुदा सवै प्रदेश विभागिय तथा एनआरएनको टिम अब तयारी स्वरुप खेलाडी छनौट गरी प्रशिक्षण सुरु गर्नुपर्ने मन्त्री गहतराजले बताए । मन्त्रालयका सचिव डा. दामोदर रेग्मीले उक्त प्रतियोगिता भव्य र सम्भ रुपमा सम्पन्न गर्नको लागि करिब एक अर्ब बजेट अर्थ मन्त्रालयमा माग गरिएको बताए । उत्कृष्ट खेल प्रर्दशन गर्ने गर्ने गरी खेलाडीहरु तयारी अबस्थामा रहन आग्रह गर्दै उनले उद्घाटन र समापन निकै स्मरणयि हुने दाबी गरे । १० औं खेलकुद कर्णाली प्रदेशमा हुने हुदा कर्णालीलाई झण्डा हस्तान्तरण गरेसंगै पोखराका केही राम्रा कामको अनुसरण गर्ने ढंगले पोखराले केही नयाँ पन दिनुपर्ने उनले भनाई छ।

राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टंकलाल घिसिङले नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता ठिकै समयमा मिति घोषणा भएकोले यसमा अब सवै खेलकुदकर्मी केन्द्रित हुनुपर्ने बताए। कोरोनाले गर्दा केही समय ढिला भएको उक्त प्रतियोगिता अन्य कुनै कारण नभएको उनको भनाई थियो।

उक्त प्रतियोगिता सम्पन्न गर्न स्थानियको सक्रिय सहभागिता हुने भएको सदस्य सचिव घिसिङले विश्वास व्यक्त गरे । गण्डकी प्रदेशका सांसद मोहन रेग्मीले आर्थिक कारणले गर्दा उक्त प्रतियोगिताको कुनै पाटो कमिकमजोरी हुन नहुने बताए । प्रतिष्प्रर्धा र क्षमता अभिबृद्धि गर्ने उद्धेश्यले उक्त प्रतियोगिता हुनु पर्ने उनको जोड थियो। प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव तेज बहादुर गुरुङले कर्मचारी र श्रोतको अभावले आफुहरुले चाहेर पनि धेरै कामहरु गर्न नसकेको गुनासो गरे । यसैबिच छलफलमा सहभागि खेलाडी, प्रशिक्षक, खेल संघका पदाधिकारी, पत्रकार लगायतले खेलाडीको हितमा हुने गरी उक्त प्रतियोगिता संचालन गर्न सुझाव दिएका छन्। छोटो समयमा हुन लागेको उक्त प्रतियोगिता जति सक्दो छिटो पारदर्शी र प्रतिष्प्रर्धाको आधारमा पदक सम्भावना खेलाडीहरुलाई छनौट गरी जति सक्दो छिटो प्रशिक्षण गर्नुपर्ने, आर्थिक अभावले गर्दा खेलाडीले आफ्नो खल्तीबाट खर्च गर्नुपर्ने बाध्यताको अन्त्य गर्न माग समेत गरेका थिए।




**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# आफ्नै हात जगन्नाथ

सत्ता गठबन्धनका नेताहरूले कार्यकर्तालाई दिनुपर्ने टिकट आफन्तलाई दिएका छन । कार्यकर्ताको भावनामा चोट पुऱ्याउने र वर्षौंदेखिको लगानी अवमूल्यन गरेका छन् । स्थानीय तहको निर्वाचनमा आफ्ना परिवारका सदस्य र आफन्तलाई टिकट बाँडेका छन् । महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाको टिकट आफन्तलाई दिएर आफ्नै हात जगन्नाथ गरेका छन । गाउँपालिका र वडाको उम्मेदवार बन्नेमा नेताका पत्नी, छोराछोरी, भाइ, बुहारी, ज्वाइँ, भान्जाभान्जीहरू छन् ।

दलहरूबीच भागबन्डा गरेर राजनीतिक पृष्ठभूमि नै नभएका टिकट पाएका छन । राजनीति गरेको भए पनि टिकट पाउन योग्य थिएनन् भन्ने बागी उमेदवार बनेकाले प्रस्ट भएको छ । पार्टी विधि, नीति, सिद्धान्तमा पोख्त, योग्यता, क्षमता र पार्टीमा वर्षौंदेखि योगदान गरेका व्यक्तिभन्दा शक्तिको आडमा परिवारका सदस्य र आफन्त स्थानीय सरकारको नेतृत्व लिन तम्सिएका छन् । पारिवारिक विरासतका नाममा राजनीतिक योगदानबिना नै पद ओगट्न आएका छन् । सजिलै निर्वाचन जित्न गठबन्धन बन्छ । गठबन्धनको टिकट बाँड्ने जिम्मा पार्टीको उपल्लो निकायले पाउँछ ।

त्यसमा पनि शीर्ष नेताकै हालीमुहाली र चलखेल हुँदा राजनीति नियुक्तिमा रहेको नातावाद र कृपावाद अहिले स्थानीय तहसम्मै पुगेको छ । लामो समय पार्टी राजनीतिक गरेका र निष्ठावान नेता कार्यकर्तालाई पाखा लगाउँदै शीर्ष नेताहरू नै परिवारवादमा केन्द्रित छन् । जहानीय शाशन विरुद्ध लडेका राजनीतिक पार्टीका नेताले आफुलाई परिवारवादमा परिणत गरेका छन । दलभित्रै पनि गुट बनाउने र भागबण्डा खोज्ने प्रबृत्ति छादल भित्र भागबन्डा गर्दै आएकाहरुले सजिलै पाउने अवसरबाट परिवारका सदस्य र आफन्तका लागि दिनु दुर्भाग्यपूर्ण छ । नेता परिवारका सदस्य भएकै आधारमा सत्ता र शक्तिको बागडोर सम्हाल्न पाउनु संघीय गणतान्त्रिक मुलुकका लागि शुभ संकेत होइन ।

राजनीतलाई सेवा बनाउुपर्नेमा, पैसा र व्यक्तिगत शक्ति आर्जन गर्ने अबसर बनाउन खोजिएको छ । आधुनिक सभ्य समाजमा पारिवारिक उत्तराधिकार लाद्नु सामान्ती सोच हो । निस्वार्थ रूपमा देश र जनताको सेवा गर्ने शपथ खाएको राजनीतिज्ञ परिवारवादको मोहमा परेर भ्रष्टाचारको भासमा पर्छ । असल राजनीति र राजनीतिज्ञले मात्र देशलाई सद्मार्गमा डोऱ्याउँछ। सत्ता र शक्तिमा परिवारवादको अन्त्य हुनुपर्छ । जनतले त्यसको सजाय चुनावबाट दिनुपर्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : मानसिक तनाब |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : मन चञ्चल | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# निर्वाचन सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न




**पोखरापत्र संवाददाता**
**पोखरा, १५ बैशाख**

नेकपा एमाले निर्वाचन परिचालन कमिटि पोखरा ९ को आयोजनामा स्थानिय तहको निर्वाचन २०७९ सम्वन्धि सचेतना कार्यक्रम सम्पन्न भएको छ ।
कार्यक्रमलाइ व्यानरमा हस्ताक्षर गरि उद्घाटन गर्दै नेकपा एमाले गण्डकी प्रदेश सदस्य तथा पोखरा महानगरपालिका का प्रवक्ता धन वहादुर नेपालिले स्थानिय तहको निर्वाचनमा आचारसंहितालाइ ख्याल गर्दै चुनावि गतिविधि वढाइ कास्किलाई एमालेमय वनाउनु पर्ने वताए ।
नेकपा एमालेले चुनावमा विजयि हासिल गर्ने वताए । कार्यक्रममा नेकपा एमाले प्रदेश कमिटि सदस्य राज कुमार सुवेदिले मतदाताहरू सुर्य चिन्हमा वढि आकर्सित भएको वताउदै स्थानिय तहको निर्वाचनमा एमाले पहिलो पार्टि हुने वताए । कार्यक्रममा अधिबक्ता कमल अर्यालले निर्वाचन सम्वन्धि प्रशिक्षण गराएका थिए ।
कार्यक्रममा पोखरा २१ का वडा अध्यक्ष खगराज आचार्यले नेकपा एमालेका उमेदवारहरू ईमानदार सक्रिय र लगनशिल हुनुपर्ने वताए । साथै उहाले आफ्नो अनुभव समेत राखेका थिए ।
कार्यक्रममा पोखरा १ का वडा अध्यक्ष सारदा पराजुलिले स्थानिय तहको निर्वाचनमा मतदाताहरूलाई सम्मान गर्दै नेकपा एमालेलाई जिताउन अनुरोध गर्नु पर्नु वताए ।
नेकपा एमाले कास्की सदस्य गोपि तुलाचनले खुसि नेपाली संमृद्द नेपाल निर्माण गर्न नेकपा एमालेले जित्नु पर्ने वताए। नेकपा एमाले पोखरा महानगर सदस्य सीता परियारले २०७९ वैशाख १६ गते नेकपा एमाले निर्वाचन परिचालन कमिटि पोखरा ९ को पुर्ण वैठक दिउसो ३ वजे एमाले कास्किको कार्यालयमा वस्ने वताईन्। प्रकाश शर्मा को अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव जगदिश खनालले गरेका थिए ।

# वालिङमा २५२ जनाको उम्मेदवारी

**पोखरापत्र संवाददाता**
**वालिङ, १५ बैशाख**

आसन्न स्थानीय तहको निर्वाचनमा स्याङ्जाको वालिङ नगरपालिकामा २५२ जनाले उम्मेदवारी दर्ता गराएका छन् । वालिङमा ७२ जनप्रतिनिधिका लागि उनीहरूको उम्मेदवारी परेको हो ।

वालिङ नगरपालिकाका निर्वाचन अधिकृत उदवीर नेपालीका अनुसार नेकपा (एमाले), नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), जनता समाजवादी पार्टी, नेपाल, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), राष्ट्रिय प्रजातन्त्र पार्टी, मङ्गोल नेशनल अर्गनाइजेसन र स्वतन्त्रबाट उम्मेदवारी परेको छ । दलहरूले नगर प्रमुख, उपप्रमुख, वडाध्यक्ष तथा सदस्यमा उम्मेदवारी दर्ता गराएका हुन् । नगर प्रमुखमा आठ जनाको उम्मेदवारी परेको छ भने महिलाको सङ्ख्या शून्य छ । एमाले, कांग्रेस, माओवादी केन्द्र, जनता समाजवादी, राप्रपा र मङ्गोल अर्गनाइजेसनबाट एक/एक जना तथा स्वतन्त्रबाट दुई जनाको प्रमुखमा उम्मेदवारी दर्ता भएको निर्वाचन अधिकृत नेपालीले बताउनुभयो । त्यसैगरी उपप्रमुखमा पाँच महिलाको मात्रै उम्मेदवारी दर्ता भएको छ । चौध वडा रहेको वालिङ नगरपालिकामा वडाध्यक्षमा ५७ पुरुष र दुई महिलाको उम्मेदवारी परेको छ । यस्तै २८ खुला सदस्यमा ८८ पुरुष र पाँच महिला, महिला सदस्यमा ४५ र दलित महिला सदस्यमा ४३ जनाको उम्मेदवारी परेको छ ।

# तनहुँमा प्रमुख पदमा ६ महिला उम्मेदवार

**पोखरापत्र संवाददाता**
**दमौली, १५ बैशाख**

आसन्न स्थानीय तह निर्वाचनका लागि तनहुँमा ६ महिलाले प्रमुख पदमा उम्मेदवारी दर्ता गराएका छन् । व्यास नगरपालिकाको प्रमुखमा चार तथा देवघाट गाउँपालिका र म्याग्दे गाउँपालिकाको अध्यक्षमा एक/एक महिलाले उम्मेदवारी दर्ता गराएका हुन् । नेपाली कांग्रेसबाट म्याग्दे गाउँपालिकाको अध्यक्षमा मायादेवी रानाले उम्मेदवारी दर्ता गराउनुभएको छ । उहाँले दोस्रो कार्यकालका लागि अध्यक्षमा उम्मेदवारी दर्ता गराउनुभएको हो । गत स्थानीय तह निर्वाचनमा राना नेकपा (एमाले)का प्रतिस्पर्धीलाई पराजित गर्दै अध्यक्षमा विजयी हुनुभएको थियो । यसैगरी व्यास नगरपालिकाको प्रमुखमा मङ्गोल नेशनल अर्गनाइजेशनबाट अनिता थापा मगरले उम्मेदवारी दर्ता गराउनुभएको छ । नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी लेनिनवादी)बाट अञ्जना थापाले उम्मेदवारी दर्ता गराउनुभएको छ । व्यास नगरपालिकाको प्रमुखमा स्वतन्त्रबाट पार्वती कार्की र राष्ट्रिय जनमुक्ति पार्टीबाट मीना थापाको उम्मेदवारी परेको छ । देवघाट गाउँपालिकाको अध्यक्षमा नेकपा (माओवादी केन्द्र)बाट सुशीला नेपालले उम्मेदवारी दर्ता गराउनुभएको छ । कांग्रेसले सत्तारुढ दलसँग तीन स्थानीय तहमा गठबन्धन गर्दा उक्त स्थानीय तहको प्रमुख/उपप्रमुखमा महिलाले नेतृत्व गर्ने अवसर गुमाएका छन् । कांग्रेस र माओवादी केन्द्रको गठबन्धनबाट शुक्लागण्कीको प्रमुख, उपप्रमुखमा पुरुषको मात्रै उम्मेदवारी परेको छ ।

कांग्रेस र नेकपा (एकीकृत समाजवादी)को गठबन्धनबाट भीमाद नगरपालिकाको प्रमुख र उपप्रमुख दुवैमा पुरुषको उम्मेदवारी परेको छ ।

कांग्रेस र एकीकृत समाजवादीको गठबन्धनबाट घिरिङ गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षमा पनि पुरुषको मात्रै उम्मेदवारी परेको छ ।

# आरन पेशा विस्थापित हुने अवस्थामा

**पोखरापत्र संवाददाता**
**तनहुँ, १५ बैशाख**

ब्यास नगरपालिका-५ कन्टार निवासी भुमबहादुर विकले आफ्नो पुर्ख्यौली पेशालाई निरन्तरता दिँदै आउनुभएको छ ।

आफू आठ वर्षको उमेर हुँदा बुवाले छाडेर गएपछि बुवाको पुर्ख्यौली पेशालाई अँगाल्दै आउनुभएको हो । आरन व्यवसायबाट राम्रै कमाइ हुने गरे पनि पछिल्लो समय कोइला पाउन छाडेपछि पेशा विस्थापित हुने अवस्थामा पुगेको उहाँले बताउनुभयो । सामुदायिक वनमा गएर काठ काटेर कोइला बनाउन नपाएपछि पेशा नै छाड्नुपर्ने समस्या आएको उहाँ बताउनुहुन्छ । सामुदायिक वनमा पस्न दिँदैनन् । उहाँले भन्नुभयो, "खाना पकाउन प्रयोग गरिएको दाउराबाट बनेको कोइलाले जेनतेन जीविकोपार्जजन गर्दै आएको छु।" उक्त वडाभरि उहाँ नै आरन व्यवसाय सञ्चालन गर्ने एक व्यक्ति हुनुहुन्छ । राम्रो कोइलाको लागि सालको काठ आवश्यक पर्ने उहाँ बताउनुहुन्छ।

पछिल्लो समय बाली प्रथा छाडे पनि हसियाँ, कोदालो, बन्चारोलगायतका हतियार अर्जाबिको रु ३० देखि ८० सम्म लिने गरेको उहाँले जानकारी दिनुभयो ।

वनमा काठ कुहिएर त्यत्तिकै खेर जान्छ तैपनि काट्न पाइँदैन । उहाँले थप्नुभयो, "वर्ष दिनमा एक दिन वन खुल्छ, खाना पकाउनका लागि दाउरा काट्न पाइन्छ तर कोइलाका लागि पाइँदैन ।" पुर्ख्यौली घर पर्यटकीयस्थलका रूपमा परिचित सोही वडाको मानुङकोटमा भए पनि बुवाको निधनपश्चात बैँसी बसाइँ झरेको उहाँ बताउनुहुन्छ ।

"आफूले जानेको पेशा यही हो, कोइलाको अभावमा पेशा नै विस्थापित हुँदा रोजीरोटी गुम्ने खतरा देखिएको छ" विकले भन्नुभयो । वर्षौंदेखि आरन पेशा अँगालेर स्थानीयलाई सेवा दिँदै आए पनि हालसम्म कहीँकतैबाट अनुदानका सुविधा पाउन नसकेको उहाँले दुःखेसो पोख्नुभयो । उक्त वडाका पतेनी, साँघे, कन्टार, पाटनलगायतका मानिस आरनमा काम दिन आउने गरेको बताइएको छ ।


# Pokhara Metropolitan City
## Office of Municipal Executive
### Newroad, Pokhara
### Gandaki Province, Nepal

## NOTICE OF INTENT OF ACCEPTANCE

**Date of Publication 2079/01/16 (29th April 2022)**

For the provision on sub clauses 34.1 and 24.1 of Public Procurement Act 2063, this is notifying to all Bidders who submitted their bids for the contract as per the IFB Notice published on different date, on National Daily, that the following mentioned lowest evaluated substantial responsive bidder is intended to award the Contract.

| SN | Name of Project | Contract Identification No | Name of Successful Bidders | Bid Amount (Excluding VAT& PS), NRs | IFB Notice Publication dates |
|---|---|---|---|---|---|
| 1 | Upgrading of 4 No dahar to khaland nahar marga, Namuna adarsha marga, 2 no showk to khaland chamber marga, PMC-30 | 125/PMC/NCB/W/078-79 (IFB No: 48.3/PMC/078-79) | Naba Nirman Construction and Builders Pokhara- 26 Kaski | 40,14,794.50 | 26th Falgun 2078 |
| 2 | Upgrading of Davis Fall Powerhouse Mahatgauda Road, PMC-17 | 129/PMC/NCB/W/078-79 (IFB No: 49.4/PMC/078-79) | Arghaun Developers Pvt. Ltd., Pokhara | 44,61,903.00 | 27th Falgun 2078 |
| 3 | Construction of Compound Wall and Miscellaneous Works at Ward No.22 Office, PMC-22 | 130/PMC/NCB/W/078-79 (IFB No: 50.1/PMC/078-79) | Irda Construction Pvt Ltd, Kathmandu | 21,10,600.20 | 30th Falgun 2078 |
| 4 | Repair of Landfill Side road and city area of Pokhara Metropolitan City, PMC | 136/PMC/NCB/W/078-79 (IFB No: 52.2/PMC/078-79) | Pahari Construction and Builders, Pokhara | 69,85,160.00 | 3rd Chaitra 2078 |
| 5 | Resealing of different roads in ward no. 6, PMC-06 | 139/PMC/NCB/W/078-079 (IFB No. 53.1/PMC/078-79) | Swarnim nirman Sewa, Pokhara | 42,86,394.00 | 7th Chaitra 2078 |

**Chief Administrative Officer**

# मादीका युवा नेता महेन्द्र चुनावी प्रचार प्रसारमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ बैशाख**

भूगोलको हिसाबले कास्कीकै ठूलो पालिका हो, मादी गाउँपालिका । मादीको नेतृत्व गर्न नेकपा (एमाले)बाट युवा नेता शिवबहादुर गुरुङ (महेन्द्र) चुनावी प्रचारप्रसारमा जुटेका छन् । पोखरा बस्ने मादी गाउँपालिकाका मतदाताबीच एमालेबाट उम्मेद्वार बनेकाको परिचयात्मक कार्यक्रम बिहीबार गरिएको छ ।

एमाले स्थायी कमिटी सदस्य खगराज अधिकारीको विशेष उपस्थितिमा पोखरामा बस्ने मादी गाउँलेबीच अध्यक्ष, उपाध्यक्ष, १२ वटै वडाका वडाध्यक्ष र वडा सदस्य उम्मेद्वारको परिचयाच्मक कार्यक्रम गरिएको हो । मादी गाउँपालिकामा एमालेबाट प्रमुखमा महेन्द्र र उपाध्यक्षमा कल्पना गुरुङ उम्मेद्वार छन् ।

कार्यक्रममा बोल्दै अध्यक्षका उम्मेद्वार गुरुङले पछिल्लो पाँच वर्षमा एमाले नेतृत्वको पालिका सरकारले प्रशंसालायक काम गरेकाले गाउँबासीले फेरि एमाले रोज्ने दाबी गरे । पर्यटन, कृषि क्षेत्र विकास, युवालाई उद्यमी बनाउने कार्यक्रम ल्याएर मादीको विकासमा सक्रिय हुने गुरुङले बताए । जनताको पीडा र हाँसो दुवै बखत आफू साथमा हुने गुरुङले बताए । मादीको पदयात्रा पर्यटनमा थप विकासका योजना ल्याउने उनले सुनाए । आफूसँग भिजन भएका नेतृत्वको एमालेको टिमबाटै मादीमा विकास निर्माण सम्भव भएको गुरुङको जिकिर छ । 'एमाले नै विकास निर्माण गर्ने पार्टी हो भन्ने बनाउन अघि बढेका छौं,' गुरुङले भने, 'मैले जितेमा मादीबासीको मत खेर जाँदैन । अपवित्र गठबन्धनलाई टुक्राएर, धमिल्याएर म नेतृत्वको टिम मादीको विकासमा लाग्छ ।'

गाउँमा एमालेको लहर देखेर गठबन्धन कमजोर भइसकेको अध्यक्षका उम्मेद्वार गुरुङको टिप्पणी छ । 'गाउँ एमालेमय छ । यो संकेतले गठबन्धनको मुटु भइँमा खसिसकेको छ,' उनले भने, '१२ वटै वडाका साथीहरु अपवित्र गठबन्धनको मुटु भइँमा खसेर कमजोर भएकाले निर्धक्क साथ जनताको घरमा गएर एमालेका योजना बुझाउँछौं र मत माग्छौं ।'

नेकपा (एमाले)बाट मादी १ मा उमरबहादुर गुरुङ, २ मा एकजंग गुरुङ, ३ मा ज्यामप्रसाद गुरुङ, ४ मा शिवप्रसाद सापकोटा, ५ मा सुब्बा गुरुङ, ६ मा डिलबहादुर क्षेत्री, ७ मा रामप्रसाद गुरुङ, ८ मा प्रेमबहादुर गुरुङ, ९ मा मनोजकुमार गुरुङ, १० मा रामराज सुवेदी, ११ मा सिंहमान तामाङ र १२ मा प्रकाश बराल एमालेबाट उम्मेद्वार छन् । मादीमा शुक्रबारदेखि घरदैलो कार्यक्रम गर्ने एमालेको तयारी छ ।

# दोस्रो अन्तर्राष्ट्रिय विमानस्थमा वाइडबडी जहाज अवतरण

**रासस**
**काठमाडौं, १५ बैशाख**

मुलुकको दोस्रो अन्तर ाष्ट्रिय विमानस्थल रुपन्देहीको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा बिहीबार वाइडबडी ए-३३० जहाजले 'अपरेशनल पर्फमेन्स टेस्ट फ्लाइट' सम्पन्न गरेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भरेर नेपाल वायुसेवा निगमको वाइडबडी जहाज गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको थियो ।

काठमाडौं विमानस्थलबाट बेलुका ५:१२ मा उडान भरेको निगमको वाइडबडी जहाज ५:५५ मा गौतमबुद्ध विमानस्थलमा अवतरण गरेको थियो । विमानमा चालकदलका सदस्यसहित २६० यात्रु सवार थिए । यसमा पर्यटनमन्त्री प्रेमबहादुर आले, पर्यटन सचिव महेश्वर न्यौपाने, महानिर्देशक प्रदीप अधिकारी, प्राधिकरणका कर्मचारी, पर्यटन व्यवसायी, सञ्चारकर्मीलगायतको उपस्थिति थियो । गौतमबुद्ध विमानस्थलमा अवतरण गरेपछि पानीको फोहराले जहाजलाई स्वागत गरिएको थियो । तत्पश्चात् आयोजित कार्यक्रममा पर्यटन सचिव महेश्वर न्यौपानेले गौतमबुद्ध विमानस्थल सञ्चालनमा आउनु मुलुकका लागि ठूलो उपलब्धि हो भन्नुभयो । नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक इञ्जीनियर प्रदीप अधिकारीले नेपालमा दोस्रो विमानस्थल औपचारिकरूपमा सञ्चालनमा आउनु मुलुकका लागि महत्वपूर्ण उपलब्धि भएको बताउनुभयो । उहाँले भन्नुभयो, "नेपालको भूमिमध्ये काठमाडौँबाहेक अन्य भूमिमा पहिलोपटक वाइडबडी जहाज अवतरण गर्दैछ । नेपालको हवाई क्षेत्रको ७४ वर्षे इतिहासमा यो कोसेढुङ्गा भएको छ । अहिलेसम्म ठूला जहाज काठमाडौँमा मात्र उडान अवतरण गरिरहेका थिए ।"

# कास्कीकोट युवा सञ्जालले उम्मेदवारसगँ प्रतिबद्धता कार्यक्रम गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ बैशाख**

हाम्रो कास्कीकोट युवा सञ्जालले मेरो उम्मेदवारी, योजना तथा प्रतिबद्धता" प्रस्तुतीकरण कार्यक्रम संचालन गर्ने भएको छ ।

पोखरा महानगरपालिका वडा नं. २४ कास्कीकोटलाई केन्द्र बनाएर स्थापित भएको हाम्रो कास्कीकोट युवा सञ्जाल कास्कीकोटको सामाजिक, आर्थिक, सांस्कृतिक एवं पर्यटकीय विकासमा क्रियाशील संस्थाले बैशाख ३० गते सम्पन्न हुने स्थानिय निकायको निर्वाचनलाई लक्षित गरि उम्मेदवारी दिने वडा र महानगरपालिकाका उम्मेदवारहरुको प्रस्तुती रहने गरि "मेरो उम्मेदवारी, योजना तथा प्रतिबद्धता" प्रस्तुतीकरण कार्यक्रमको आयोजना गर्न लागेको संञ्जालका संयोजक शितल गिरीले जानकारी दिनु भयो । आगामी आईतवारका दिन हामीले सञ्चालन गर्ने यस कार्यक्रममा पोखरा महानगरपालिकाका मेयर तथा वडा नं. २४ का वडाध्यक्ष पदका सम्पूर्ण उम्मेदवारहरुलाई आफ्नो उम्मेदवारीको औचित्य, योजना तथा प्रतिबद्धताहरु प्रत्यक्ष रुपमा जनताहरु माझमा प्रस्तुत गर्ने गिरीले बताउनु भयो

कुनै पनि दलको प्रतिनिधित्व गरेका वा स्वतन्त्र रुपमा आफ्नो उम्मेदवारी दर्ता गरेका उम्मेदवारहरुले यसमा भाग लिन सक्ने संजालले जनाएको छ । । कार्यक्रमलाई आकर्षक र व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि विभिन्न उपसमितिहरु समेत गठन गरि कामलाई अगाडि बढाइएको पोखरामा आयोजीत पत्रकार सम्मेलन मार्फत जानकारी गराइएको हो । कार्यक्रमवाट लिएका प्रतिबद्धता अनुसार काम गर्नका लागि भोलिका दिनमा हामी निर्वाचित भएर आउने प्रतिनिधिहरुलाई सजग गराउने साथै बार्षिक रुपमा समीक्षा एवम् खवरदारीका लागि जनसहभागितामुलक कार्यक्रम समेत सञ्चालन गर्ने लक्ष्य लिएको कार्यक्रम संयोजक गौरव त्रिपाठीले बताउनु भयो ।

त्रिपाठीले भन्नु भयो "हाम्रा स्थानिय निकायको परिवर्तन तथा विकासका लागि महत्वपूर्ण भूमिका चुनिएर आउने जनप्रतिनिधिको नै हुन्छ । उनीहरुको सक्षमताको उपयोग गर्नका लागि नागरिक सक्रियताको आवश्यकता हुन्छ । मतदान गर्दा कस्तो उम्मेदवारलाई मतदान गर्दैछौं भन्ने कुराको हेक्का भएको खण्डमा आफ्नो क्षेत्रको विकास र परिवर्तन चाहने व्यक्तिले पक्कै पनि सहि निर्णय लिन्छन । यसै तथ्यलाई मनन् गरेर संस्थाले यस प्रकारको कार्यक्रमको आयोजना गरेको हो । यो कार्यक्रम सम्भवतः नेपालमै एउटा नयाँ भएको संञ्जालले जनाएको छ । यो कार्यक्रमले राजनीतिक नेतृत्वमा हुनुपर्ने सञ्चार, व्यवस्थापन, प्राविधिक र नेतृत्व सम्बन्धि दक्षता जांच्नुका साथै आम सर्वसाधारणलाई असल, जिम्मेवार र भिजनरी जनप्रतिनिधि चुन्न सघाउ पुर्याउँनेछ सञ्जालको ठम्माई रहेको छ ।

# मादी गाउँपालिकामा डिलवहादुर मतदातासँग भोट मार्गदै

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ बैशाख**



कास्की जिल्लामा ३३ वडा देखी गाउँपालिका वडामा ठूलो युवाशक्ति रोजगारीको खोजीमा र अध्ययनका लागि दिनानु दिन विदेश यात्रामा गएका समाचार सुनिएको छ । ।

यसरी माविको अध्ययन सुरुका दिन देखी साथीभाइ विच कुन देशमा जाने छलफल कक्षा कोठामा सुन्न पाइन्छ । युवाशक्तिलाई राष्ट्रनिर्माणमा सहभागी गराउन । ती युवाको जोश र जाँगरलाइ विकास निर्माणको कार्यमा सदुपयोग गर्न विशेष कदम चाल्ने मादी गाउँपालिका वडा नं ६ को वडा अध्यक्ष पदमा उठेका उमेदवार डिलवहादुर क्षेत्री वताउँछन् । उनै क्षेत्री आफ्ना चार सदस्य लिएर विहीवार व्यापक रुपमा घरदैलोमा हिंडेका छन् । युबा संघबाट राजनीति छिरेका डिलवहादुरको २०६४ साल स्वणीम समय बन्यो ।

६४ को जगले तत्कालिन सिल्दुजेरे गाविसको प्रजातान्त्रिक राष्ट्रिय युवा संघ तथा युथ फोर्सको अध्यक्ष बन्न सफल भए ।

०७१/७२ मा नेकपा एमालेवाट गाविस सचिबको वागडोर समालेपछि युवाको ढुकढुकी बनै । उनै क्षेत्री आज समयको माग अनुसार पार्टीमा विभिन्न पदमा रहि निरन्तर जनताको सेवा गर्दै आएका छन् क्षेत्रीको साथमा क्रमश महिला सदस्यमा शान्ति क्षेत्री, खुल्ला सदस्य द्धयमा दिपक क्षेत्री, भुमि प्रकाश गुरुङ र दलित महिला सदस्यमा टिकामाया परियार लगायत सायौ कार्यकर्ता लिएर घरदैलोमा हिडेका छन् ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना

जन्म : २०२०/०९/३०



स्वर्गारोहण : २०७९/०१/०४

**स्व. कृष्ण सुवाल**

यस ज्ञानमार्ग स्वतन्त्र महिला समुह पोखराका सदस्य अन्जु सुवालका पुजनीय पति **कृष्ण सुवाल** को असामयीक निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

लक्ष्मी ताम्राकार
अध्यक्ष तथा
**ज्ञानमार्ग स्वतन्त्र महिला समुह परिवार**
पोखरा महानगरपालिका वडा नं. ३ नदिपुर, कास्की


# मनाङमा हेलिकोप्टरबाट ल्याइयो मतपत्र

**रासस**
**मनाङ, १५ बैशाख**

यही वैशाख ३० मा हुने स्थानीय तहको निर्वाचनका लागि हिमालपारिको जिल्ला मनाङमा मतपत्र ल्याइएको छ ।

हिमाली जिल्ला मनाङमा हेलिकोप्टरबाट नेपाली सेनाले मतपत्र ढुवानी गरेको हो । जिल्लामा नेपाली सेनाले नौ हजार थान मतपत्र ल्याएको बताइएको छ । ती मतपत्र जिल्ला सदरमुकाम चामेमा मुख्य निर्वाचन अधिकृतको कार्यालयमा सुरक्षितरूपमा राखिएको जिल्ला प्रशासन कार्यालय मनाङले जनाएको छ ।

सुरक्षा संवेदनशीलताका आधारमा आयोगले हेलिकोप्टरको प्रयोग गरी मतपत्र जिल्लामा पठाएको जनाएको छ । निर्वाचन आयोगले हिमाली र बिकट जिल्लाहरूमा मतपत्र ढुवानीका लागि हेलिकोप्टर प्रयोग गरेको छ । निर्वाचनका लागि जिल्लामा २८ वटा मतदानस्थललाई नै मतदान केन्द्र निर्धारण गरिएको जिल्ला निर्वाचन कार्यालय मनाङका निर्वाचन अधिकृत पुष्पराज शर्माले बताउनुभएको छ । जिल्ला अदालतका न्यायाधीश पुनाराम खनाल जिल्लाको मुख्य निर्वाचन अधिकृत हुनुहुन्छ ।

निष्पक्ष, स्वतन्त्र र भयरहित तरिकाले निर्वाचन सम्पन्न गराइने प्रमुख जिल्ला अधिकारीरवीन्द्रप्रसादआचार्यले बताउनुभयो । निर्वाचनमा सहभागी सबैको सुरक्षाको प्रत्याभूति हुने गरी जिल्लामा सुरक्षा योजना बनाएको उहाँले बताउनुभएको छ । जिल्लामा कूल मतदाता छ हजार ४९६ जनामध्ये तीन हजार ३४८ महिला र तीन हजार १४८ पुरुष मतदाता छन् ।

यस्तै जिल्लामा २१० जनाले उम्मेदवारी दर्ता गराएका छन् । जिल्लामा रहेका चार गाउँपालिकामा आइतबार र सोमबार कूल २१० जनाले विभिन्न पदका लागि उम्मेदवारी दर्ता गराएका हुन् । जिल्लाको ङिस्याङ गाउँपालिकामा ७३, चामे गाउँपालिकामा ४२, नार्सों गाउँपालिकामा ६८, नार्पाभूमि गाउँपालिकामा २७ जनाको उम्मेदवारी दर्ता भएको मुख्य निर्वाचन अधिकृत पुनाराम खनालले जानकारी दिनुभयो ।

यस्तै चार गाउँपालिका अध्यक्ष पदका लागि नौ र उपाध्यक्षमा आड जनाले उम्मेदवारी दिएका छन् । निर्वाचन कार्यालय मनाङका अनुसार जिल्लामा वडाध्यक्ष पदका लागि ४८, महिला वडा सदस्यमा ४१, दलित सदस्यमा २२ र खुला सदस्यमा ८२ जनाले उम्मेदवारी मनोनयन गराएका छन् ।


**स्याक्लुङ आमा समुह भवन निर्माण उपभोक्ता समिति**
पोखरा-१४ कास्की, गण्डकी प्रदेश

**सिलवन्दी दरभाउ पत्र आव्हानको सूचना**
प्रथम पटक प्रकाशित मिति २०७९/०१/१६

पोखरा महानगरपालिका वडा नं. १४ अर्न्तगत रहेको स्याक्लुङ आमा समुह भवन निर्माण उपभोक्ता समितिको लागि तपसिलमा उल्लेखित फर्निचर सामाग्रीहरु खरिद गर्नुपर्ने भएको हुँदा इजाजत प्राप्त फर्म वा व्यक्तिले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र शिलवन्दी दरभाउ पत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ थप जानकारीको लागि मोबाइल नं. ९८४६०५४९९२ मा सम्पर्क गर्न सकिनेछ ।

| क्र.सं. | विवरण |
|---|---|
| १. | कपडा राख्ने र्‍याक (फलामको) लम्वाई १४३ X हाइट १०१ इन्च |
| २. | भाँडा राख्ने र्‍याक (फलामको) लम्वाई १३६ X हाइट १०१ इन्च |
| ३. | स्टिल दराज थान १ हाइट ६६ X चौडाई ३३ इन्च |
| ४. | पोडियम (अगाडि गोलाकार) थान १ हाइट ४ फुट X चौडाई २ फुट |

